# छोटो अवधिको नयाँ तालिमहरुको पहिचान तथा पाठ्यक्रम निर्माण सम्बन्धी मापदण्ड, २०८०

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रू. | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.९.९ | २२५२२ | १ | पटक | १० लाख | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको श्रम बजारमा हरेक साल व्यावसायिक तथा सिपमूलक तालिम प्राप्त गर्ने मानव श्रोतको संख्या बढ्दो छ तर उक्त जनशक्ति अझै पनि स्थानीय बजार र सञ्चालनमा रहेका उद्योग तथा कारखानाहरूको माग बमोजिम नभएको गुनासो व्यापक रहेको छ । प्रदेश सरकारले मध्यमस्तरको सिपयुक्त जनशक्ति उत्पादनका लागि ठूलो मात्रामा धनराशी लगानी गरिरहेको छ तर स्थानीय बजारमा विदेशी कामदारहरूको संख्या अधिक देखिन्छ भने तालिम प्राप्त गरेका युवाहरू बेरोजगार भई बस्ने र अन्त्यमा विदेश पलायन हुने तीतो यथार्थ कायमै छ । हाल उपलब्ध हुँदै आएका तालिमहरूले अपेक्षित रुपमा बेरोजगारीको दर घटाउन नसकेको अवस्था रहेको हुनाले प्रदेशको श्रम बजार विश्लेषण गरी श्रमबजारमा अधिक माग हुने गरेको श्रमशक्तिको पहिचान गरी सोही अनुरूपको तालिम तथा पाठ्यक्रम निर्माण गर्न आवश्यक देखिएकोले यस आ.व.को वार्षिक बजेट कार्यक्रममा "**छोटो अवधिको नयाँ तालिमहरुको पहिचान तथा पाठ्यक्रम निर्माण**" शीर्षकमा बजेट विनियोजन भएको छ । उक्त कार्यक्रम कार्यान्वयनका लागि यस मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको छ। |
| उद्देश्य | • श्रम बजारको माग पहिचान तथा विश्लेषण एवमं सोही अनुसार छोटो अवधिको नयाँ तालिमका क्षेत्रहरु एकिन गरी पाठ्यक्रम निर्माण गर्नु, |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| सहयोगी निकाय वा संस्थाहरु | • व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र तथा सामाजिक विकास कार्यालयहरू<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान<br>• आवश्यकतानुसार अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| बजेट बाँडफाँट | • स्थानीय श्रम बजारको अध्ययन तथा नयाँ तालिम पहिचान तथा विश्लेषण कार्य गर्ने<br>• विज्ञ सेवा मार्फत् पाठ्यक्रम निर्माण गर्ने, |
| कार्य सञ्चालन प्रक्रिया | • अवधारणा पत्र निर्माण गर्ने,<br>• परामर्श सेवा प्रदायक निकाय तथा पाठ्यक्रम विज्ञ सूचीकृत गर्ने,<br>• बजार अध्ययनका लागि परामर्श सेवा प्रदायक निकायसँग सम्झौता गर्ने,<br>• परामर्श सेवा प्रदायक संस्थाले सम्झौतामा तोकिएको सर्त बमोजिम बजार अध्ययन गरी सोको प्रतिवेदन दोस्रो चौमासिकभित्र मन्त्रालयमा पेश गर्ने,<br>• प्राप्त प्रतिवेदन सरोकारवाला निकाय तथा विज्ञहरूसँग सार्वजनिक गरी अन्तरक्रिया गर्ने,<br>• प्रतिवेदन तथा अन्तरक्रिया मार्फत प्राप्त सुझावका आधारमा विज्ञहरूले पाठ्यक्रम तयार गरी जेठ मसान्तभित्र मन्त्रालयमा पेश गर्ने,<br>• कार्यक्रम सम्पन्न भए पश्चात् भुक्तानी गर्ने । |
| अपेक्षित प्रतिफल | • बजारको माग अनुसारको दक्ष जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउन नयाँ तालिमका क्षेत्रहरु पहिचान भई सोको पाठ्यक्रम निर्माण भएको हुने । |